दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २९८ | बुटवल | २०८१ कार्तिक १५, गते बिहीबार | नेपाल संवत ११४४ | Thursday Oct. 31, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पु¥याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## लुम्बिनी सरकारको सय दिन :

# एक सय एक उपलब्धि

**लुम्बिनी संवाददाता**

*दाङ*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सरकार गठनको एक सय दिनको एक सय एक उपलब्धि सार्वजनिक गरहेका छन् । राप्ती उपत्यका देउखुरीमा बुधबार पत्रकार सम्मेलनको आयोजना गरेर मुख्यमन्त्री आचार्यले एक सय दिनको उपलब्धि सार्वजनिक गरेका हुन् । गत साउन ९ गते आचार्यले पदभार ग्रहण गरेका थिए । एक सय दिनको उपलब्धि सार्वजनिक गर्दै मुख्यमन्त्री आचार्यले शासकीय सुधार, खर्च कटौतीलाई प्राथमिकतामा राखेर प्रदेश सरकार प्रति नागरिकमा बढ्दै गएको निराशालाई आशामा रुपान्तरणको थालनी गरेको दाबी गरे । प्रदेश सरकारको भूमिकालाई स्थापित गर्न, सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन प्रदेश सरकार सफल भएको उनले बताए । प्रदेश सरकारको फजुल खर्च रोक्न, मितव्ययिता कायम गर्न नवीनतम सन्देश जनस्तरमा प्रवाह भएको छ,' मुख्यमन्त्री आचार्यले भने-'यस अवधिमा प्रदेश सरकारले नीतिगत र कानुनी सुधार, शासकीय सुधार र सुशासन, विकास व्यवस्थापन, वित्तीय प्रवन्ध, शिक्षा, स्वास्थ्यलगायतका सामाजिक क्षेत्र, कृषि र स्वरोजगारको क्षेत्र, पर्यटन, संस्कृति र पर्यावरण, सूचना प्रविधिको विकास र प्रयोग, गुनासो व्यवस्थापन, जनतासँगको संवादलगायतलाई प्राथमिकतामा राखेर कामकारबाही गर्दै आएको छ ।' प्रदेशको आन्तरिक आयस्रोत वृद्धि गर्न राजश्वको दायरा फराकिलो बनाउने, आर्थिक अनुशासनलाई कडाइका साथ कार्यान्वयन गर्ने, अघिल्लो वर्षको दायित्व भुक्तानीलाई अघि बढाउने आधार तयार गरिएको मुख्यमन्त्री आचार्यको भनाइ छ ।




**नीतिगत एवं कानुनी सुधार**

यो अवधिमा प्रदेश सरकार नीतिगत एवम् कानुनी सुधार गर्ने काममा अघि देखिएको छ । प्रदेश सभा तथा प्रदेश सरकारबाट नीतिगत एवं कानुनी सुधारका लागि विभिन्न कानुन, कार्यविधि एवं निर्देशिका जारी गरिएको, कानुनमा आवश्यक संशोधन, परिमार्जन गरिएको र केही अत्यावश्यक कानुन एवं कार्यविधि स्वीकृतिको अन्तिम चरणमा रहेको उल्लेख छ । विषयगत मन्त्रालय/निकायबाट बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आन्तरिक कार्यविधि तर्जुमा गरी कार्यान्वयन समेत गरिएको छ । सरकारको १०० दिनमा प्रदेश सभा तथा प्रदेश सरकारबाट स्वीकृत कानुन, कार्यविधि, निर्देशिकाहरुमा प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक, स्थानीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, प्रदेश विपद् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१, औद्योगिक प्रवर्द्धन विधेयक,२०८१, अस्पताल विकास समिति(गठन तथा सञ्चालन) नियमावली, २०८०(संशोधन), अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभवको उपयोग गर्नेसम्बन्धी कार्यविधि, व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रम कार्यान्वयन कार्यविधि, प्रदेश राजपत्र तथा कानुनको सम्पादन र प्रकाशन नियमावली, स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका, २०७८ परिमार्जन गरिएको छ ।

**संगठन तथा व्यवस्थापन**

संगठनलाई चुस्त, छरितो र नतिजामुखी बनाई सेवा प्रवाहको प्रभावकारीता अभिवृद्धि गर्न प्रदेशका सबै मन्त्रालय, निकाय तथा कार्यालयको संक्षिप्त रुपमा संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न गरिएको छ । यसबाट प्रदेशको जम्मा कर्मचारी दरबन्दी संख्या चार हजार ७८ कायम भएको छ । प्रदेशको संगठन संरचना, कार्यबोझ, जिम्मेवारी, दरबन्दीको आवश्यकता, सरकारको आर्थिक सबलतालगायतका विषयमा ध्यान दिई संरचना तथा दरबन्दी पुनरावलोकन गरी उद्देश्योन्मुख एवं नतिजामूलक बनाउन विस्तृत रुपमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन गर्न प्रदेश सरकारको निर्णयबाट विज्ञसहितको समिति गठन भई कार्यादेश समेत दिइसकिएको । प्रदेश तथा स्थानीय सेवाका कर्मचारीहरुको वैयक्तिक विवरण अभिलेख व्यवस्थापनका लागि दर्ता गर्ने कार्य सुरु गरिएको छ । लेखा समूहका कर्मचारीको सरुवा तथा व्यवस्थापन सम्बन्धमा पहिलो पटक मापदण्ड तयार गरी कार्यान्वयन गरिएको छ ।

**शासकीय सुधार तथा सुशासन**

पूर्व विशिष्ट पदाधिकारीको नाममा दिइँदै आएको सेवा सुविधा (सवारी, इन्धन, मर्मतलगायत) फिर्ता गराउनेसम्बन्धी प्रदेश सरकारको निर्णय कार्यान्वयनमा आएको छ । पूर्व विशिष्टले चढ्दै आएको सवारी साधन फिर्ता भइसकेको छ । लुम्बिनी प्रदेशको सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरणसम्बन्धी पाँच वर्षे रणनीतिक कार्ययोजना प्रदेश सरकारबाट स्वीकृत भएको छ । कार्ययोजनामा नैतिकता र सदाचारिता प्रवर्द्धनसम्बन्धी विभिन्न ११ वटा प्रमुख विषयक्षेत्र, सो अन्तर्गतका रणनीति, रणनीति कार्यान्वयनका लागि १०० बढी क्रियाकलाप, जिम्मेवार निकाय, नतिजा सूचक र कार्यान्वयन संयन्त्र समावेश गरिएको छ । प्रदेश सरकारका मुख्यमन्त्री रमन्त्रीहरुका लागि आचारसंहिता जारी गरी लागू गरिएको छ । सुशासन र सदाचारिता प्रवर्द्धनका लागि अनियमितता नियन्त्रण, भ्रमण कार्यको व्यवस्थापन, सार्वजनिक, पदीय एवं पेशागतआचरणकाविविध व्यवस्थाहरु आचारसंहितामा समावेश गरिएको छ । प्रदेश सरकारबाट प्रदेश मन्त्रालय/निकायका लागि १४ बुँदे निर्देशन जारी गरी कार्यान्वयनमा गइसकेको छ । प्रदेश मन्त्रालय/निकाय तथा कार्यालयबाट प्रवाह गरिनेसेवाको प्रभावकारिता अभिवृद्धि, आर्थिक गतिविधिमा मितव्ययिता, सूचना व्यवस्थापन, गुनासोको प्रभावकारी सम्बोधन, सार्वजनिक जवाफदेहिता र सुशासन प्रवर्द्धन गर्ने उद्देश्यका साथ निर्देशन जारी गरिएको छ । समयपालनाको संस्कृतिलाई मुख्यमन्त्री आफैँबाट सुरुवात गरिएको, सरकारी सवारीसाधन सम्बन्धी प्राप्त पदीय सुविधालाई औचित्यपूर्ण एवं विवेकसम्मत प्रयोग गर्ने संस्कृति मोडेलको रुपमा विकास गर्ने कार्यको थालनी भएको छ । सरकारी कार्यक्रम गर्दा सरकारी हलको प्रयोग गर्ने, भ्रमणका क्रममा सरकारी आवासको प्रयोग गर्नेलगायतका कार्यलाई उच्च प्रतिबद्धताका साथ पालना गरिएको छ । स्वागत, विदाई, आतिथ्यता ग्रहणजस्ता समारोहमा खादा, मालाको प्रयोगलाई पूर्णरुपमा निषेध गरिएको छ ।

**प्रदेश गौरवका आयोजनाको कार्यान्वयन**

बुटवलस्थित सुविधासम्पन्न १२ तले एक हजार दुई शैया रहने यस अस्पताल भवन ६ अर्ब १८ करोड बढीको लागतमा २०८५ साल पुससम्ममा निर्माण सम्पन्न गर्नेगरी शिलान्यास भई कार्यारम्भ गरिएको छ । प्रदेश राजधानी राप्ती उपत्यका (देउखुरी) मा ३ अर्ब ९ करोड रुपैयाँको लागतमा प्रशासनिक केन्द्र जसमा मुख्यमन्त्री कार्यालयसहित १० वटा मन्त्रालय रहने गरी कार्य तीव्र रुपमा अघि बढेको छ । २०८२ सालभित्रै निर्माण सम्पन्न हुने लक्ष्यसहित हाल ६५ प्रतिशत काम पूरा भएको छ । साथै, १ खर्बको लागतमा २० वर्षभित्र आधुनिक सहर निर्माण सम्पन्न गर्ने लक्ष्य अनुसार सरकारले नदी सभ्यतामा आधारित नमूना शहरका लागि साझेदार एवं लगानीकर्ता खोज्न पहल गरिएको छ । बाँके जिल्लाको खजुरामा प्राविधिक विश्वविद्यालय स्थापना गरी सूचना प्रविधि, इन्जिनियरिङ, कृषि लगायत अध्यापन गराइँदै आएको छ । प्राविधिक, दक्ष जनशक्ति उत्पादनका लागि थप पहल गर्नेसरकारको योजना रहेको छ । प्रदेश सरकारले यस सडक आयोजनालाई गौरवको आयोजनाको रुपमा अघि बढाउँदैविभिन्न सडक खण्डलाई बहुवर्षीय आयोजनाका रुपमा काम अघि बढाउने निर्णय गरिएको छ ।

**आर्थिक मामिला तथा राजस्व सुधार**

चालु आर्थिक वर्ष २०८१/०८२ देखि पाँच लाख वा सोभन्दा माथिका सबै आयोजना कार्यक्रम अनिवार्य रुपमा प्याकेजिङ गरी टेण्डर प्रकृयाबाट सार्वजनिक प्रतिस्पर्धाका आधारमा गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरिएको छ । यसरी बचत हुने रकमलाई गत आर्थिक वर्षको दायित्व भुक्तानी गर्नेगरी व्यवस्थापन गरिएको छ । प्रदेशलाई आर्थिक रुपमा बलियो बनाउन राजश्वको दायरा वृद्धि गरिनुका साथै चालु खर्च कटौती गरिएको छ । गत वर्षको बजेटभन्दा यस वर्ष २ अर्ब २९ करोड चालुतर्फ कम र पुँजीगत बजेटमा १ अर्ब ३२ करोड बजेट बढाइएको छ । राजस्व वृद्धि गर्न आर्थिक मामिला तथा योजना मन्त्रीको अध्यक्षतामा कार्यदल समेत गठन गरेर सरकारले काम अघि बढाएको छ । प्रदेश सरकारबाट स्वीकृत भई कार्यान्वयनमा रहेका बहुवर्षीय आयोजनाहरुको बढ्दो चाँपलाई नियन्त्रण गर्न तथा स्रोत अभाव हुन नदिन बहुवर्षिय ठेक्कासम्बन्धी मापदण्ड, २०८० परिमार्जन गरेर मात्र चालु आर्थिक वर्षको बहुवर्षीय आयोजनाका लागि स्रोतको सुनिश्चितता प्रदान गर्ने व्यवस्था गरिएको छ । राजस्व बाँडफाँटका रुपमा स्थानीय तहबाट प्रदेशमा राजस्व प्राप्त भइसकेपछि मात्र प्रदेशबाट अनुदान हस्तान्तरण हुने व्यवस्था अनिवार्य गरिएको छ । नेपाल सरकारबाट प्राप्त हुने सशर्त, समपूरक र विशेष अनुदानलाई पहिलो प्राथमिकतामा राखी खर्च गर्न र त्यसपछि मात्र प्रदेश सरकारको स्रोततर्फको खर्च गर्नेगरी निर्देशन गरिएको छ । एकपटक ठेक्का व्यवस्थापन भएपछि बचत हुन आउने रकमको पुनः ठेक्का लगाउन नपाउने व्यवस्था गरिएको छ । बेरुजू फछ्र्यौटको कार्यलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिएको छ ।

**सूचना तथा सञ्चार प्रविधिको अवलम्बन र विकास**

प्रदेशसँग सम्बन्धित समग्र तथ्याङ्कहरु समेटेर प्रयोगकर्तामैत्री अनलाइन डेटा पोर्टलको निर्माण गरी सञ्चालन गरिएको छ । प्रदेश मन्त्रालय/निकायमा विद्युतीय प्रणालीको अवलम्बनलाई प्राथमिकता दिईएकीकृत कार्यालय व्यवस्थापन प्रणाली प्रयोगको सुरुवात गरिएको छ ।

» *बाँकी २ पेजमा*

## साफ वुमन्स च्याम्पियनसिपमा बंगलादेश

काठमाडौं । नेपाल एक पटक फेरि घरेलु मैदानमा फाइनलमा चुक्दा साफ वुमन्स च्याम्पियनसिप जित्ने लक्ष्य अधुरै बनेको छ ।

बुधबार भएको साफ वुमन्स च्याम्पियनसिप २०१४ को फाइनलमा घरेलु टोली नेपाललाई २-१ ले हराउँदै बंगलादेशले लगातार दोस्रो पटक उपाधि जितेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको फाइनल खेलमा बंगलादेशका लागि ८२औं मिनेटमा मोनिका चक्मा र ८१औं मिनेटमा ऋतु पोर्ना चक्माले गोल गरे । नेपालका लागि अमिशा कार्कीले ५६औं मिनेटमा गोल फर्काइन् ।

बंगलादेशका दुई डिफेण्डरले सुरुवातदेखि नै नेपालकी मुख्य खेलाडी सावित्रा भण्डारीलाई मार्क गरेका थिए ।

खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो । दुवै टोलीले गोल गर्ने केही अब पाएपनि सदुपयोग गर्न सकेनन् । दुवै टोलीको एक-एक प्रहार बारमा लागेको थियो ।

पहिलो हाफको सुरुवाती केही मिनेटपछि नै नेपालले खेलमा दबाब बनाएको थियो । दोस्रो मिनेटमै नेपालको गल्तीमा बंगलादेशले राम्रो अवसर पाएको छ ।

गोल पोष्टबाट बल चलाउने बेला गीता राना बल हान्ने बेला चिप्लिएपछि बंगलादेशकी तोहुरा खातुनले वान भर्सेस वानको अवस्थामा हानेको प्रहार बारमा लागेर फर्कँदा नेपाल भाग्यमानी बनेको थियो । रिबाउण्डमा तोहुराले नै हानेको बल गोलकिपर एन्जिलाले समाइन् ।

अमिसाले त्यसपछि पनि गोल गर्ने अवसर पाएकी थिइन् तर फिनिसिङमा चुकिन् ।

१९औं मिनेटमा नेपालकी अमिसा कार्कीले बकस बाहिरबाट हानेको शक्तिशाली पहार बारमा लागेर फर्कँदा नेपालले अग्रता लिने अवसर गुमाएको थियो । ३३औं मिनेटमा बंगलादेशले बकस नजिकै फ्रिकिक पाएको थियो । तर मोनिका चक्माको प्रहार पोष्टभन्दा बाहिर गयो ।

» *बाँकी २ पेजमा*

## प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख आवश्यक : लिङ्देन




देवदह । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले ठूला राजनीतिक दल र तिनका नेताहरुको गलत क्रियाकलाप र भ्रष्टाचारका कारण मुलुक समस्यामा परेको बताएका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी देवदह नगर समितिले देवदह-११ शंकरपुरमा आयोजित किसानसँग राप्रपा जनसभालाई सम्बोधन गर्दै अध्यक्ष लिङ्देनले एमाले, काङ्ग्रेस र माओवादीले मुलुकमा भ्रष्टाचार र लुटतन्त्र मच्चाएर देशलाई खोक्रो बनाएको भन्दै अब जनता जागरुक हुन आवश्यक रहेको बताए ।

अध्यक्ष लिङ्देनले राजसंस्थालाई अभिभावकीय भूमिकामा राखी प्रत्यक्ष निर्वाचित कार्यकारी हुने व्यवस्था नगराउँदासम्म मुलुकमा समृद्धि आउन नसक्ने भन्दै मुलुकको समृद्धि र विकासको स्पष्ट खाकासहित भ्रष्टाचार र अनियमितताको विरुद्धमा राप्रपा लागेको जनाए । उनले राप्रपाले सञ्चालन गरेको अभियानमा आम नागरिकलाई समेत जोडिन आग्रह गरे ।

सोही अवसरमा बोल्दै पार्टीका सह-महामन्त्री ताहिर अलिले देशमा किसानका समस्या विद्यमान रहेको र किसानका लागि आवश्यक पर्ने मलखाद कारखाना समेत नहुँदा भारतसँग परनिर्भर हुनु परेको बताए । उहाले किसानले दुःख पाएको भन्दै राप्रपाले किसानका मुद्दा बोकेर देशव्यापी कार्यक्रमको आयोजना गरिएको बताए । यो अभियानमा जोडिन समेत उनले आग्रह गरे ।

बृहत् सभामा राप्रपाका केन्द्रीय सदस्यद्वय स्वाती थापा र तोयानाथ लम्सालले सम्बोधन गर्दै भ्रष्टाचारबाट देश आक्रान्त भएकाले यसको न्यूनीकरण जस्ता प्रमुख एजेन्डा लिएर अघि बढेको र अब यहि व्यवस्थामा जनताका समस्या समाधान हुन नसक्ने भएकोले विकल्पका लागि तयार रहन आग्रह गरेका थिए ।

कार्यक्रममा राष्ट्रिय प्रजातन्त्र पार्टी देवदह नगर समितिका अध्यक्ष माधव रिमाल, देवदह-१२ का वडाअध्यक्ष दुधनाथ यादव र राप्रपा देवदह नगर समितिका सदस्य राजु चौधरीले समेत आफ्ना भनाइ राखेकमा थिए ।


१४ औं अमरपथ दिपावली महोत्सवमा जाऔं रमाइलो गरौं ।

यही कार्तिक १५ गतेदेखि १७ गतेसम्म अमरपथमा हुने १४ औं अमरपथ दिपावली महोसत्वमा उपस्थित भई मौलिक देउसी भैलो, फुड फेस्टिबल तथा राष्ट्रिय र स्थानिय कलाकारहरुको बेजोड प्रस्तुतीमा रमाउनुहुन हार्दिक निमन्त्रणा गर्दछौं ।

प्रवेश नि:शुल्क

आयोजक
अमरपथ टोल व्यवसायी समिति बुटवल

सहयोगि संस्था
बुटवल उपमहानगरपालिका
बुटवल उपमहानगरपालिका वडा नं. ४ र ५
बुटवल उद्योग वाणिज्य संघ रूपन्देही

## सम्पादकीय

# मौलिकता जोगाउने अवसर

पारिवारिक मिलन र प्रकृति पूजाको पर्व तिहार नेपालीको घरआँगनमा भित्रिएको छ । भाइटिकाले दिदी भाइबीचको सम्बन्धलाई जोड्छ । यो पर्वमा कुकुर, काग, गाई र गोरुको पूजा गरेर पशुप्रति सम्मान गरिन्छ । मानव समाजका लागि महत्वपूर्ण योगदान दिएका ती पशुप्रतिको पूजा समग्र प्रकृतिप्रतिको पूजा हो ।

नेपाली समाजमा चाडपर्वले पारिवारिक मिलन र सामाजिक सद्भावका लागि महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । भातृत्व र मेलमिलाप बढाउँदै समाजलाई एकताको सुत्रमा बाँधेर गतिशिल बनाउनु हाम्रा चाडपर्वका विशेषता हुन् । तिहार पर्व नेपाली समाजको मौलिक पर्व हो । यसले पारिवारिक स्नेह, प्रेम र भातृत्व बढाउन महत्वपूर्ण भूमिका खेल्दै आएको छ । तिहार पर्वको मौलिक पक्षलाई ध्यान दिँदै अघि बढ्न सक्दा यो पर्वको सांस्कृतिक महत्व अझै स्थापित हुनेछ । समाजमा बढ्दो उपभोक्तावादी प्रवृत्ति र चिन्तनले चाडपर्वको मौलिक पक्ष हराउँदै जान थालेका छन् । तिहारको मौलिकता जोगाउँदै अघि बढ्दा नयाँ पुस्तालाई अमूल्य उपहार हुनेछ । परिवारिक मिलन र सामाजिक सद्भाव बढाउने पर्वहरु अहिले बोझिला र विकृतिबाट मुक्त गर्दै मनाऔं । बढ्दो तडकभडक र विकृतिपूर्ण क्रियाकलाप रोक्न राज्यलाई सहयोग गरौं । सामाजिक मूल्य मान्यतालाई जोगाउँदै मौलिक ढंगले चाडपर्व मनाऔं ।

प्रकृतिको दोहनले मानव समाज नै संकटमा पर्दै गएको छ । आज नेपाली समाजमा गाईलाई दूध दिउञ्जेल पाल्ने र थारो भएपछि सडकमा छाड्ने प्रवृत्ति मौलाएको छ । यो प्रवृतिले हाम्रो खेतीपाती र जीवन प्रणालीलाई संकटमा धकेलेको छ । तिहारमा पूजा गरिने गाई राष्ट्रिय जनावर पनि भएकाले पर्वमा पूजा गर्ने मात्र नभई सधैं सम्मान गर्नुपर्छ भन्ने चेतनाको विकास समाजमा विस्तार हुनुपर्छ । काग प्रकृतिको कुचीकार हो, कुनै बेला नेपाली समाजको सन्देशवाहक पनि मानिन्थ्यो । आज कागको जीवन संकटमा पर्दै गएको छ । कुकुर हाम्रो सुरक्षा गर्ने जनावर हो । यी पशुपंक्षीको पूजा हुनुको अर्थ समाजमा प्रकृतिलाई जोगाउनुपर्छ, प्रकृतिमा सबै बाँच्न सक्दा मात्रै मानव समाज गतिशील हुन सक्छ भन्ने सन्देश हो ।

पर्वमा खानपिन र तडकभडक मात्रै गर्नुको साटो मौलिकता जोगाएर नयाँ पुस्तालाई सन्देश दिनसक्नुपर्छ । तिहारको मौलिकता जोगाउने अवसरको रुपमा यो पर्वलाई मनाऔं । तिहार पर्वको सबैमा शुभकामना !

# सेयर बजार १४.४३ अंक घट्यो



काठमाडौं । यो साताका लागि अन्तिम कारोबारको दिन बुधबार सेयर बजार १४.४३ अंक घटेको छ । सो अंकको गिरावटपछि नेप्से २६७७ मा कायम भएको छ ।

कारोबार भइरहँदा दुई पटकसम्म बजारले २७ सय अंक नाघे पनि टिक्न सकेन । कारोबार सुरु भएको पाँच मिनेटमै नेप्से २७०५ अंकसम्म पुग्यो, जुन बुधबारका लागि उच्चतम अंक रह्यो । दोस्रोपटक ११ : ४२ बजे फेरि २७०१ अंक पुगेको बजार त्यसपछि बिक्री चाप आउँदा ओरालो लाग्यो ।

बजार घट्दा कारोबार रकम पनि घटेको छ । अघिल्लो दिन ६ अर्ब १२ करोडको कारोबार भएकोमा यस दिन ५ अर्ब ९५ करोडको भयो । ७५ कम्पनीको मूल्य बढ्दा १६४ को घट्यो भने ५ को स्थिर रह्यो । होटल तथा पर्यटन समूहमा लगानीकर्ताको आकर्षण देखिएको छ । सो समूहको सूचक २.५२ प्रतिशत बढ्यो । त्यसबाहेक निर्जीवन बीमा ०.४९ र व्यापार समूह ०.३२ प्रतिशत बढे ।

लगानी समूह सबैभन्दा धेरै १.४१ प्रतिशत घट्यो । बैंकिङ ०.७२, विकास बैंक ०.४३, फाइनान्स १.०२, हाइड्रोपावर ०.३३, जीवन बीमा ०.९८, उत्पादन ०.९६, माइक्रोफाइनान्स ०.१४ र अन्य समूह ०.७४ प्रतिशत घटे ।

गुराँस लघुवित्त, मिडसोलु हाइड्रोपावर, अपरस्याङ्गे हाइड्रोपावर र कुथेली बुकरी स्मल हाइड्रोपावरको मूल्य १० प्रतिशत बढ्यो । सानिमा जीआइसी इन्स्योरेन्सको मूल्य ९.९, एक्सल डेभलपमेन्ट बैंकको ९.९ प्रतिशत मूल्य बढ्यो । राम्रो लाभांश घोषणा गरेको स्टान्डर्ड चार्टर्ड बैंकको मूल्य ५.६५ प्रतिशत बढ्यो ।

## लुम्बिनी...

प्रदेशको राजस्व संकलनसम्बन्धी सफ्टवेयर प्रदेश मातहत रहने गरी विकास तथा व्यवस्थापन गर्ने तयारी भइरहेको छ ।

**जनगुनासो व्यवस्थापन**

प्रदेश सरकारले जनगुनासो व्यवस्थापनको काम गरेको छ । जनताका गुनासाहरु सुन्ने, आलोचनाहरुलाई आत्मसात गर्दै सुधारका कामहरु अघि बढाएकोछ । प्रदेशका सबै निकाय/कार्यालयमा वेबसाइट तथा गुनासो पेटिका अद्यावधिक गर्ने, प्राप्त गुनासोको सम्बोधन गर्ने, सूचना प्रविधिको माध्यमबाट पनि गुनासो गर्न सक्ने व्यवस्था मिलाउने र सम्बोधन गर्ने कार्यलाई कडाइका साथ कार्यान्वयन गरिएको छ । जनताका समस्या एवं गुनासो सुन्न र सम्बोधन गर्न मुख्यमन्त्रीले आफूले कार्यालयमा समय व्यवस्थापन गर्नुका साथै हप्तामा २ दिन बुटवलमा जनता-मुख्यमन्त्री भेटघाट कार्यक्रम गर्ने गरिएको छ ।

**भौतिक पूर्वाधार विकास**

यो अवधिमा पुँजीगततर्फको कूल विनियोजन भएको नौं अर्ब ७३ करोड १२ लाख ५१ हजार मध्ये ५८ करोड ८ लाख २ हजार रुपैयाँ खर्च भएको छ । जम्मा दुई हजार ४७ आयोजनामध्ये नौं सय ७७ आयोजनाको बोलपत्र आह्वान भएको छ । जसमध्ये तीन सय २४ वटाको सम्झौता सम्पन्न भइसकेको छ भने चार सय ७ वटाको मूल्याङ्कन भइरहेको सरकारले जनाएको छ । सडक पूर्वाधारअन्तर्गत १५ किलोमिटर सढक कालोपत्रे, छ किलोमिटर सडक ग्राभेल र पाँच सय मिटर ढलान सम्पन्न भएको छ । सडक पुलहरु ६ वटा निर्माण सम्पन्न भएका छन् । झोलुङ्गे पुलहरु २ वटा निर्माण सम्पन्न भएका छन् । प्रदेशको सडक सञ्जाल गुरुयोजना निर्माणको काम द्रुत गतिमा अगाडि बढेको छ । यस अवधिमा प्रदेशका ४ ठाउँमा प्रदेश सभाका सदस्यहरुसँग सडक सञ्जाल गुरुयोजनाबारे अन्तरक्रिया गरी जिल्लागत सडक सञ्जालको विवरण अद्यावधिक गरिएको छ । यही कार्तिक मसान्तसम्म सडक सञ्जाल गुरुयोजना सम्पन्न गर्ने तयारीका साथ कार्य भइरहेको छ । नवलपरासी पश्चिममा सडक पूर्वाधार कार्यालय स्थापना गर्न प्रदेश सरकारबाट स्वीकृति प्राप्त भए अनुसार काम अघि बढेको छ । गत असोज महिनामा भएको भारी वर्षाका कारण क्षतिग्रस्त एवम् यातायात अवरुद्ध भएका प्रदेशका ५२ वटा सडकहरुमा भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको लगानी एवम् समन्वयमा यातायात सेवा सुचारु गरिएको छ । १३ करोड ९८ लाख ५० हजार (प्रारम्भिक अनुमान) बराबरको सडक पूर्वाधार क्षति भएको विवरण संकलन भएको र स्थानीय तहसँगको समन्वय र सहयोगमा आकस्मिक मर्मत सुधार शीर्षकबाट तत्कालका लागि सम्बोधन गरी यातायात सेवा सञ्चालन गरिएको छ ।

**ग्रामीण तथा शहरी विकास**

चालु आर्थिक वर्षमा अख्तियारी प्राप्त आयोजनाहरुमध्ये २२५ वटा आयोजनाहरु टेण्डर प्रक्रियामा गएका, जसमध्ये ६५आयोजनाको सम्झौता सम्पन्न भएको, २१ वटा आयोजनाहरु सम्झौताको प्रक्रियामा रहेका छन् । भीम अस्पताल भैरहवा, पृथ्वीचन्द्र अस्पताल नवलपरासी पश्चिम र आयुर्वेद अस्पताल, कपिलवस्तुको भवन निर्माण कार्य सम्पन्न भएको छ । साथै, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रुपन्देहीको भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ । प्रादेशिक सरुवा रोग अस्पताल, शिवराज कपिलवस्तु र क्षयरोग उपचारकेन्द्र, बाँकेको भवननिर्माण कार्य द्रुत गतिमा भैरहेको छ । प्रदेश राजधानी परिसरमा निर्माणाधीन ६ वटा मन्त्रालयहरुको स्ट्रक्चरको काम सम्पन्न भै फिनिसिङ्ग भैरहेको छ भने अन्य २ वटा मन्त्रालयको स्ट्रक्चरको काम सम्पन्न हुने अवस्थामा रहेको छ । एउटा मन्त्रालयको दोस्रो तला ढलाइको अवस्थामा रहेको छ । पुस्तकालय भवनको स्टक्चरको काम सम्पन्न भएको छ । बस्ती विकास कार्यक्रमअन्तर्गत ४ किलोमिटर ढल निर्माण, ३ दशमलव ४ किलोमिटर ग्रावेल सडक, २ दशमलव ३ किलोमिटर सडक कालोपत्रे, ५१२ मिटर पिसिसि, १०४ मिटर फुटपाथ र ६७ मिटर रिटेनिङ बाल निर्माण कार्य सम्पन्न भएको छ ।

खानेपानी तथा सरसफाइ

चालु आर्थिक वर्षमा अख्तियारी प्राप्त आयोजनाहरुमध्ये ४२ वटा आयोजनाहरु टेण्डर प्रक्रियामा गैसकेका छन् । प्रदेश राजधानी परिसरको खानेपानी व्यवस्थापनको लागि निर्माणाधिन खानेपानी आयोजनाअन्तर्गत ओभरहेड ट्याङ्की को निर्माण कार्य करिब ६० प्रतिशत सम्पन्न भएको छ । लुम्बिनी प्रदेशको विपद् व्यवस्थापन सम्बन्धी खानेपानी तथा सरसफाइ र स्वच्छता क्षेत्रको भैपरी योजना अध्यावधिक गरिएको छ । रिफ्रेस सेन्टरस्मार्ट शौचालयको प्रथम चरणको निर्माण कार्य सम्पन्न भई हस्तान्तरणका लागि पुनर्ताजगी केन्द्र सञ्चालन कार्यविधि स्वीकृतिको अन्तिम चरणमा रहेको छ । बर्दिया, रोल्पा र नवलपरासी पश्चिम गरी ३ वटा जिल्लामा थप कार्यालय स्थापना गरीसेवा सुरु गरिएको छ ।

**उद्योग, पर्यटन तथा यातायात**

लुम्बिनी आउने पर्यटकलाई लुम्बिनी पर्यटन सर्किटको माध्यमबाट हिमाल, पहाड र तराई भ्रमणको व्यवस्था मिलाउनेगरी तथा पर्यटनसर्किटको योजनालाई कार्यान्वयन गर्नेगरी तयारी गरिएको छ । पाल्पा दरबार संग्राहलयको संरक्षण एवम् प्रवर्द्धनको लागि आवश्यक बजेट समेत विनियोजन गरिएको, नुवाकोट डबली स्थानीय तहमा हस्तान्तरणको प्रकृया अघि बढाउने निर्णय भएको छ । बजारलाई स्वस्थ र प्रतिस्पर्धी बनाउने उद्देश्यका साथ पहिलो पटक बजार नियमन तथा प्रवर्द्धन परिषद्को बैठक सम्पन्न गरी कालोबजारी नियन्त्रण लगायतका विषयमा नियमित बजार अनुगमनमा जोड दिइएको छ । यातायात प्रशासन सुधारको लागि कार्यदल गठन गरी कार्यदलबाट प्राप्त सुझाव सहितको प्रतिवेदन कार्यान्वयनको चरणमा गएको छ । भारतीय पर्यटकहरुलाई प्रदेशका पर्यटकीयस्थलसम्म पुग्न सीमाक्षेत्रमानै एकीकृत सेवा प्रदान गर्न कर्मचारीको व्यवस्थापन गरी पर्यटनमैत्री वातावरण निर्माणका लागि योजना बनाइएको छ । नेपाल सरकारसँग समन्वय गरी गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवाबाट हवाई उडान सेवा सुचारु हुन गएको छ । लुम्बिनी प्रदेशको पर्यटन क्षेत्रको विकास, सम्बर्द्धन र प्रवर्द्धनमा टेवा पुऱ्याउन पर्यटन दुत नियुक्त गर्ने निर्णय गरिएको छ । लुम्बिनीमा पर्यटकको संख्या वृद्धि गरी प्रदेशको आर्थिक समृद्धिका लागि बर्दिया जिल्लाका पर्यटकीय स्थलहरुलाई पर्यटन गन्तव्यको रुपमा लिई बर्ष २०८१ लाई घुम्न जाउँ बर्दिया अभियान घोषणा गर्नका लागि पूर्वतयारी सम्पन्न भैसकेको छ ।

वन तथा वातावरण

वनक्षेत्रबाट प्रदेश सञ्चित कोषमा ७ करोड राजश्व संकलनका साथै १२ हजार तीन सय ३२ दिनको रोजगारी सिर्जना भएको छ । पीडितसँग प्रदेश सरकार कार्यक्रममार्फत् मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रमबाट १ जना मृतकको परिवारलाई राहत वितरण भएको, वन्यजन्तुको आक्रमणमा परी मृत्यु र घाइते भएको ४ वटा परिवारलाई रु २५ लाख ५० हजार राहत वितरण गरिएको छ । ३४ दशमलव ६१ हेक्टर क्षेत्रफल वन अतिक्रमण नियन्त्रण गरी वन क्षेत्र कायम भएको, २७४ सामुदायिक वन, ८ साझेदारी र चक्ला वन गरी जम्मा २२६ वन क्षेत्रको ८७ हजार दुई सय ९५ हेक्टर. वनक्षेत्र वन सम्वर्द्धन प्रणालीबाट व्यवस्थापन गरिएको छ । राष्ट्रिय वनक्षेत्रबाट एक लाख २३ हजार एक सय ९१ घनफिट काठ तथा दुई सय ४४ चट्टा दाउरा उत्पादन भएको छ । पाँचवटा नयाँ सामुदायिक वन उपभोक्ता समूह गठन भई दुई हजार तीन सय १४ दशमलव ७१ हेक्टर वनक्षेत्र चा रय ७४ घरधुरीलाई हस्तान्तरण गरिएको छ । वन्यजन्तुबाट क्षतिग्रस्त बर्दिया जिल्लाको मधुवन नगरपालिका वडा नं. १,२,३ का छ हजार सात सय ५६ घरधुरीको दुई २ लाख प्रति व्यक्तिका दरले सामूहिक जीवन बिमा गरिएको छ ।

**कृषि, भूमि व्यवस्था तथा सहकारी**

कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गरी कृषि र पशुपंक्षीतर्फका कार्यक्रम कार्यान्वयन प्रारम्भगरिएको छ । स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गरी कार्यान्वयनका लागि पठाइएको छ । सुलभकर्जा सहजीकरण तथा व्याजमा अनुदान कार्यक्रम, बीउ बाली निरीक्षण, बीउ प्रमाणीकरण र बीउ नमुना परीक्षण, बाली वस्तु सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम, बफर स्टकमा रहेको अनुदानको रासायनिक मलको कोटा निर्धारण, कृत्रिम गर्भाधान सेवा कार्यक्रम, पशुपंक्षीमा लाग्ने संक्रामक रोग नियन्त्रणका लागि खोप सेवा कार्यक्रम लगायत महत्वपूर्ण कार्यक्रमहरुको कार्यान्वयन प्रारम्भ गरिएको छ ।

उर्जा, जलश्रोत तथा सिँचाइ

यस अवधिमा पाँचवटा आयोजनाहरुको निर्माण कार्य सम्पन्न भई ८५ हेक्टर जमिनमा थप सिँचाइ सुविधा पुगेको, ५५ वटा आयोजनाहरु निर्माणाधीन अवस्थामा रहेका, ७५ वटा आयोजनाहरुको बोलपत्र आव्हान भइसकेको तथा बाँकी रहेकाको स्थलगत निरीक्षण तथा सर्भेक्षण भई लागत अनुमान तयार कार्य भइरहेको छ । क्रमागत आयोजनाहरुको निर्माण कार्य भइरहेको जनाइएको छ । अविरल वर्षाका कारण आएको बाढी, पहिरो तथा डुवानका कारण प्रदेशका सिँचाइ तथा नदी नियन्त्रण क्षेत्रमा भएका क्षतिको स्थलगत निरीक्षण गरी आपतकालीन कार्यको लागि कुल ४३ करोड १३ लाखको लागत अनुमान तयार भएको छ । विस्तृत अध्ययन कार्य सम्पन्न भई पेश भएका १० वटा आयोजनाहरुको एप्राइजल स्वीकृत तथा ७ वटा योजनाहरुको खरिद गुरुयोजना स्वीकृत भई बहुवर्षीय सहमतिका लागि पेश गर्ने तयारी भइरहेको छ । गत बर्ष भुक्तानी गर्न बाँकी दायित्व यस आर्थिक वर्षमा भुक्तानी गर्न मिल्ने आयोजनाको २३ करोड ९२ लाख भुक्तानी भइसकेको जनाइएको छ ।

**स्वास्थ्य**

कुष्ठरोग र हात्तीपाइलेका कारण अपाङ्गता भएका व्यक्तिको भेदभावको अन्त्य तथा जीविकोपार्जन र आत्मनिर्भता अभिवृद्धिका लागि स्वयं हेरचाह सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरी कार्यान्वयनमा लगिएको छ । बिरामीको अत्यधिक चाप हुने अस्पतालहरुमा ई-टिकेटिङ, टोकन प्रणाली र बीमा काउन्टर सेवा थप गरिएको छ ।

स्वास्थ्य सेवामा देखिएका विकृति रोक्न सरकारले अनुगमनमा कडाई गरेको छ । नसर्ने रोगहरु मुटु, क्यान्सर, मृगौला जस्ता स्वास्थ्य समस्या निदान र उपचारको लागि प्रदेश सरकारले दिँदै आएको प्रतिव्यक्ति रु. दुई लाख प्राप्त गर्न प्रदेश राजधानीमा सिफारिश लिन आउने बाध्यताको अन्त्य गर्न जिल्ला स्थित स्वास्थ्य कार्यलय मार्फतनै सिफारिस उपलब्ध हुने व्यवस्था मिलाइएको छ । रोग लाग्नै नदिन र रोग लागिसकेपछि गरिने उपचारलाई प्रभावकारी बनाउनेगरी प्रबर्धनात्मक र निदानात्मक शैलिमा स्वास्थ्य सेवा प्रवाह भइरहेको छ । स्वास्थ्य बिमा नीतिअनुसार औपचारिक क्षेत्रका कर्मचारीलाई स्वास्थ्य बिमामा आबद्ध गराउने उद्देश्य अनुरुप लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालय/निकायमा कार्यरत दुई हजार ५६ जना कर्मचारी र निजका आश्रित परिवारका सदस्यलाई स्वास्थ्य बिमा गराई अभियानको रुपमा शुरुवात गरिएको छ । सरकारी अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले निजीक्लिनिक तथा अस्पतालमा निजी अभ्यासको क्रममा सरकारी कार्यालयको नाम र पदको प्रयोगगर्ने अवस्थाको अन्त्य गरीपूर्व स्वीकृति लिनुपर्ने व्यवस्थालाई अनिवार्य गरिएको छ । लुम्बिनी प्रदेशअन्तर्गतका सरकारी अस्पताल तथा प्रयोगशालाहरुमा गरिने रक्त परीक्षण, एक्स-रे तथा भिडियो एक्स-रे सेवाशुल्कमा एकरुपता कायम गरिएको छ । अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा रहेका मेडिकल औजार उपकरणहरुको मर्मत सम्भार, व्यवस्थापन तथा बायोमेडिकल उपकरण व्यवस्थापन सूचना प्रणाली लागू गरिएको छ । पूर्ण खोप सुनिश्चितता निर्देशिका, २०७१ ले निर्दिष्ट गरे अनुसार लुम्बिनी प्रदेशलाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ । मातृशिशुसम्बन्धी सूचकाङ्क न्यून रहेका जिल्लाका सरोकारवालासँग अन्तरक्रिया गरी सेवा सुदृढीकरणको लागि पहलगरिएको छ । प्रदेशमा मुख्यतः बढी समस्याका रुपमा रहेका मातृ शिशु मृत्युदर, बाल मृत्युदर, कुपोषण, रक्तअल्पता आदिको समाधानका लागि बहुसरोकार पक्षलाई केन्द्रित गरेर कार्यक्रम अघि बढाइएको छ । भूगोलमा आधारित फरक खालका स्वास्थ्य समस्या समाधान गर्न प्रदेश सरकारले विशेष ध्यान दिएको छ ।

**सामाजिक विकास**

चलु आर्थिक वर्षमा निर्माणसम्बन्धी ३३ वटा आयोजनाको ठेक्का सम्झौता भैसकेको, ६९ वटा आयोजनाको ठेक्का आव्हान गरिएको र बाँकी आयोजना टेण्डर प्रक्रियामा रहेका छन् । सामाजिक विकास तर्फको बजेट कार्यान्वयनका लागि ५ वटा कार्यविधि स्वीकृत गरिएको र २ वटा कार्यविधि तर्जुमा अन्तिम चरणमारहेको छ । प्रदेशका विभिन्न सामुदायिक विद्यालय तथा क्याम्पसहरुमा आर्थिक वर्ष २०७७/०७८ देखि २०८१/०८२ सम्मको बजेट विनियोजनको मस्यौदा तयार गरिएको छ । युवाहरुको लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परियोजनाअन्तर्गत प्रदेशस्तरीय प्रोफाइल तयार गरिएको छ ।

**आन्तरिक मामिला तथा कानुन**

संविधान प्रदत्त प्रदेशको अधिकारअन्तर्गत प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने उद्देश्यका साथ निर्माण गरिएको प्रदेश प्रहरी ऐनको कार्यान्वयनका लागि आवश्यक प्रहरी समायोजन कार्यमा सङ्घीय सरकारलाई अनुरोध गर्ने गरी भएको मन्त्रीस्तरीय निर्णय बमोजिम नेपाल सरकार, गृह मन्त्रालयलाई अनुरोध गरी पत्राचार गरिएको छ । प्रदेशमा विपद व्यवस्थापनमा सूचना तथा सञ्चार प्रणालीलाई व्यवस्थित गर्नका लागि सञ्चालित प्रदेश आपतकालीन केन्द्रका काममा प्रभावकारिता ल्याई विपदजन्य घटनासम्बन्धी सूचनामा आम नागरिकको पहुँचलाई सुनिश्चित गर्नका लागि टोल फ्रि तथा हटलाईन सञ्चालनका लागि मन्त्रीस्तरीय निर्णय भई कार्यान्वयनको अन्तिम चरणमा पुगेको छ । प्रदेशमा विपद् व्यवस्थापनका लागि आवश्यक विपद् सामग्री खरिदका लागि तीनै तहका सुरक्षा निकायबाट प्राप्त विवरणको प्राथमिकीकरण गरी खरिद प्रक्रिया अगाडि बढाइएको छ । प्राकृतिक तथा गैर प्राकृतिक विपद् प्रभावित पीडितहरुलाई थप राहतको रुपमा ७१ लख ५४ हजार पाँच सय र पुनर्निर्माण तथा पुनस्थापनातर्फ पाँच लाख २५ हजार वितरण गरिएकोछ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संकटासन्न समूहको पहुँच, क्षमता अभिवृद्धि गर्दै लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशिकरण सुनिश्चित गर्ने उद्देश्यका साथ तयार भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिकिकरण समावेशीकरण रणनीतिक कार्ययोजनाको स्थानीयकरणमा प्रदेश सरकारले रणनीतिक कार्ययोजना निर्माणको चरणमा रहेको छ । विपद् व्यवस्थापनमा तीनै तहको समन्वय र सहकार्य अभिवृद्धि गर्ने, बजार अनुगमनको कार्यमा तीनै तहका सरकारको भूमिका प्रभावकारी बनाउने, सीमा तस्करी नियन्त्रण एवं ट्राफिक व्यवस्थापनमा सरलता ल्याउने उद्देश्यका साथ माननीय मुख्यमन्त्रीज्यू, मन्त्रीज्यूहरु, सचिवज्यूहरु, तराईका ६ जिल्लाका प्रमुख जिल्ला अधिकारी, तीनै तहका सुरक्षा निकायका प्रदेश प्रमुखलगायत सरोकारवालाको सहभागितामा अन्तरक्रिया सम्पन्न गरिएको छ ।

**न्यायिक प्रतिरक्षा**

सर्वोच्च अदालत तथा उच्च अदालतमा दर्ता भएका एक सय पाँच वटा मुद्दाको मुख्य न्यायाधिवक्ताको कार्यालयमार्फत् प्रतिनिधित्व भई १९ वटा मुद्दाको अन्तिम फैसला भएको, १७ वटा रिटहरु खारेज भई करिब ९० प्रतिशत सफलता हासिल भएको छ । अन्तिम फैसला भएका मुद्दाहरु सरकारको कामकारबाही, विकास निर्माण एवं प्रदेशको समृद्धिमा दीर्घकालीन रुपमा असर पर्ने विषय, जनस्वास्थ्यका विषयहरु र प्रदेश लोकसेवा आयोगसँग सम्बन्धित विषयका गरी १७ वटा रिट खारेज भएका छन् ।

**जनशक्ति तथा पदपूर्ति**

चालु आर्थिक वर्षको पदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिका बमोजिम अधिकृतस्तर नवौं तह (प्राविधिक तथा अप्राविधिक) का विभिन्न पदहरुका लागि बढुवा तर्फ जम्मा ७७ पद, अन्तरतह र खुला तथा समावेशी तर्फ कूल ५५ गरी जम्मा एक सय ३२ पदका लागि विज्ञापन भई पदपूर्तिको प्रक्रिया अगाडि बढाइएको छ । अधिकृतस्तर सातौं र आठौं तहका विभिन्न प्राविधिक तथा अप्राविधिक पदहरुका लागि बढुवातर्फ र अन्तरतह एवं खुला तथा समावेशीतर्फ गरी कूल एक सय ५० पदका लागि विज्ञापन गरी पदपूर्तिको प्रक्रिया अघि बढाइएको छ । विभिन्न तहका प्राविधिक तथा अप्राविधिक पदका लागि आवश्यक कूल ४२ वटा पाठ्यक्रम निर्माण गरी वेबसाईट मार्फत सार्वजनिक गरिएको साथै पाठ्यक्रमलाई आवश्यकतानुसार परिमार्जनको समेत कार्य गरिएको छ । चालु आर्थिक वर्षको पदपूर्ति सम्बन्धि वार्षिक कार्यतालिका बमोजिमका स्थानीय सरकारी सेवाअन्तर्गतका सहायकस्तर पाँचौ तह र सहायकस्तर चौथो तहका गरी कूल १४ वटा विज्ञापन अनुसारका पदको लिखित नतिजा प्रकाशन गरिनुका साथै आन्तरिक प्रतिस्पर्धातर्फ सहायकस्तर चौथो तहका एक वटा विज्ञापन अनुसारको पदको लिखित नतिजा सार्वजनिक गरिएको छ ।

पदपूर्तिसम्बन्धी कार्यतालिका बमोजिम विभिन्न विज्ञापनका सहायकस्तर चौथो तह र सहायकस्तर पाँचौ तहका प्राविधिक तथा अप्राविधिक पदहरुमा सुरु सिफारिस र वैकल्पिक सिफारिस गरी कूल चार सय ५० जना उम्मेदवार सिफारिस गरी प्रदेश तथा स्थानीय तहमा पठाइएको छ । चालु आर्थिक वर्षमा सम्पादन गरिएका मुख्य कार्यहरु समावेश गरी प्रदेश लोक सेवा आयोगको पाँचौं वार्षिक प्रतिवेदन प्रदेशसभामा पेश गर्ने प्रयोजनका लागि माननीय प्रदेश प्रमुख समक्ष पेश गरिएको छ ।

## साफ...

दोस्रो हाफमा नेपाली टिममा दुई परिवर्तन भएको थियो । पूजा रानाको स्थानमा समीक्षा घिमिरे र सरु लिम्बुको स्थानमा रश्मीकुमारी घिसिङ मैदान प्रवेश गरेका थिए । ५२औं मिनेटमा मोनिका चक्माको गोलबाट बंगलादेशले पहिले अग्रता लियो । कप्तान सबिना खातुनको पासमा मोनिकाले गोल गरेकी थिइन् । तर त्यो गोल धेरै समय टिकेन । त्यसको चार मिनेटपछि नै अमिसा कार्कीले नेपालको लागि बरी गोल फर्काइन् ।

त्यसपछि पनि दुवै टोलीले अगता लिने अवसर पाएका थिए । ६१ औं मिनेटमा नेपालकी सावित्रा भण्डारीले बायाँ साइडबाट हानेको बल पोष्ट नजिकबाट बाहिर गएको थियो । ६७औं मिनेटमा नेपाली गोलकिपर एन्जिलाले मोनिका चक्माको प्रहार उत्कृष्ट बचाउ गर्दा बंगलादेशले अग्रता लिने अवसर गुमाएको थियो ।

तर ८१औं मिनेटमा ऋतु पोर्ना चक्माले उत्कृष्ट गोल गदै बंगलादेशलाई फेरि अग्रता दिलाइन् । उनले बायाँ साइडबाट बक्समा हानेको क्रस सिधैं गोलमा परिणत भयो । नेपाली किपर एन्जिलाले बचाउने प्रयास गरे पनि असफल भइन् । ऋतुले गोल गर्दै दशरथ रंगशालमा उस्थित १५ हजार धन्दा बढी दर्शकलाई साइलेन्ट बनाइन् । उनको सेलेब्रेसन पनि त्यस्तै शैलीको थियो । त्यसपछि नेपाली दर्शकले लगातार नेपाल नेपाफ' भनेर हुटिङ गरिरहेका थिए । नेपाल बराबरी गोल फर्काउन प्रयास गरिरहेपनि सफल हुन सकेन ।

घरेलु मैदानमा साफको उपाधि जित्ने नेपालको लक्ष्य तेस्रो प्रयासमा पनि पूरा भएन ।

यसअघि २०१९ मा विराटनगरमा भएको साफमा भारतसँग फाइनलमा हारेको नेपाल २०२२ मा काठमाडौंमै बंगलादेशसँग पराजित भएको थियो ।

नेपाल साफ वुमन्स च्याम्पियनसिपमा बंगलादेशसँग दोस्रो पटक पराजित भएको हो । सन् २०२२ मा भएको छैटौं संस्करणमा नेपाल बंगलादेशसँग दशरथ रंगशालामै ३-१ ले पराजित भएको थियो ।

साफमा नेपालले सर्वाधिक छैटौं पटक फाइनल खेलेको छ । बंगलादेश तीन पटक फाइनल खेल्दा दुई पटक उपाधि जितेको छ ।

बंगलादेश सन् २०१६ को फाइनलमा भारतसँग पराजित भएको । नेपाल सन् २०१०, २०१२, २०१४ र २०१९ को फाइनलमा भारतसँग पराजित भएको थियो । सन् २०१६ मा नेपाल सेमिफाइनलमै भारतसँग पराजित भएको थियो ।

नेपालले साफ वुमन्स च्याम्पियनसिपमा घरेलु मैदानमा लगातार तेस्रो पटक फाइनल खेलेको हो । समग्रमा पछिल्लो डेढ दशकमा नेपाले १२ औं पटक फाइनल खेलेको हो । सन् १९८६ मा एएफसी वुमन्स च्याम्पियनसिपबाट अन्तर्राष्ट्रिय फुटबलमा डेब्यु गरेको नेपाली महिला टोलीले सन् १९८९ र १९९९ मा पनि एएफसी च्याम्पियनसिप खेलेको थियो ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय अर्घाखाँचीको अनुरोध

पानी प्रयोग पछि निस्किएको फोहोर पानी सोझै, ताल, कुवा, सिमसारर खोलमा नफालौं, आफ्ना आँखाबाट टाढा अथवा नाली वा अन्य कतै फोहोर फालेपछि त्यसबारे सोच्नै परेन भन्ने प्रवृत्तिको अन्त्य गरौं । मूल, सिमसार, नदीनालाहरुको सरंक्षण पुनर्भरण गरौं ।

अनुरोधक
राममरोस् यादव कार्यालय प्रमुख
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, अर्घाखाँची

बंबई गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो गाउँ एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

चेत नारायण कंडेल — प्रमुख प्रशासकीय अधिकृत
बमकुमारी खड्का — उपाध्यक्ष
कुलबहादुर खत्री क्षेत्री — अध्यक्ष

बंबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ, लुम्बिनी प्रदेश, नेपाल

## डिभिजन वन कार्यालय, अर्घाखाँचीको

### अनुरोध

-वन डढेलो नियन्त्रण गरौं, जैविक विविधता संरक्षणमा योगदान गरौं।
-सुख्खा सिजन अगावै वन क्षेत्रमा झाडी सफाई गरी प्रज्वलनशील वस्तुहरु
-वन क्षेत्र बाहिर ल्याई सदुपयोग गरौं।
-सुख्खा पात पतिंगर, झाडीहरु संकलन गरी वन डढेलोको जोखिम कम गरौं।
-हुरी बतासको सिजन अगावै सामुदायिक वन क्षेत्रमा अग्नी रेखा निर्माण गरौं।
-वन क्षेत्रमा चुरोट, बिडी खाई जथाभावी नफालौं।
-अन्य संघ संस्थासँग समन्वय बढाई सहयोगमा जुटौं।
-प्रकृति प्रदत्त वन हामी सबैको साझा धन हो।
-त्यसैले सबै मिली हातेमालो गर्दै वन डढेलो नियन्त्रण गरौं।

**मोहन श्रेष्ठ**
डिभिजन वन अधिकृत

**डिभिजन वन कार्यालय**
अर्घाखाँची

## सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक योजनाको अपिल

यस सालझण्डी सन्धिखर्क ढोरपाटन सडकको विभिन्न स्थानहरुमा सडकछेउको नाली पुरिदिने, सडकको बीच भागमा अनावश्यक खन्ने, सडकमा पानी लगाईदिने, सडक छेउमा पर्खालबाट ढुङ्गा झिक्ने, बिना अनुमति शाखा सडक खोल्ने आदि कार्य गर्ने गरेको पाईएकाले यस्ता कार्यहरु तत्काल रोकि सडकसंरक्षणमा आवश्यक सहयोग गरिदिनुहुन सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक योजना हार्दिक अपिल गर्दछ।

**गागल प्रसाद भण्डारी**
योजना प्रमुख

**सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक योजना**
सन्धिखर्क, अर्घाखाँची

## घरेलु तथा साना उद्योग कार्यालय कपिलवस्तुको सम्पूर्ण उपभोक्ताहरुमा अनुरोध

- उत्पादन मिति उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुन लेवलिङ्ग अथवा छपाई गरेको खाद्य पदार्थ खरिद नगर्नु हुन।
- सडेगलेको बासी झिंगा भन्केको फोहोर वातावरणमा तयारी तथा भण्डारण गरिएको खाद्य पदार्थ खरिद र उपभोग नगर्नु हुन।
- बाह्य रंगको प्रयोग गरी आकर्षक बनाइएका मिठाई लड्डु मासु लगायतका खाद्य पदार्थ खरिद तथा उपभोग नगर्नु हुन।
- खाद्य पदार्थको गुणस्तर सम्बन्धमा शंका लागेमा खाद्य पदार्थ खरिद तथा उपभोग नगर्नु हुन र नजिकको नियामक निकायमा सूचना दिनु हुन।

## वाल्मीकि माध्यमिक विद्यालय

बर्दघाट न.पा.-१ वस्ती नवलपरासी

### शिक्षक आवश्यकता

मितिः २०८१/०७/१५

प्रस्तुत विषयमा बर्दघाट न.पा., शिक्षा, युवा तथा खेलकुद शाखाको च.नं. ११३, (शिक्षा) मितिः २०८१/०७/१३ को पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणीको अस्थायी करार नियुक्तिद्वारा शिक्षक पद पुर्ति गर्न अनुमति पत्र प्राप्त भएको हुँदा शिक्षक सेवा आयोगद्वारा करार सूचिमा समाविष्ट व्यक्तिहरुबाट दरखास्त आह्वान गरिएको छ।

पुनश्च : करार सुचिमा रहेका व्यक्तिहरु उपलब्ध हुन नसकेमा यसै सूचनाको म्याद भित्र रहि खुल्ला प्रतिस्पर्धाको आधारमा पदपूर्ति गरिने हुँदा सम्बन्धित सबैका लागि यो विज्ञापनको सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

**विज्ञापन नं.** ०८१/०८२, १
**पद** :- अस्थायी करार शिक्षक, प्रा.वि तह तृतीय श्रेणी
**नियुक्तिको प्रकार** :- करार, आवश्यक संख्या १ (एक)
**न्यूनतम शैक्षिक योग्यता** : १०+२ उतीण वा सो सरह
**उमेर** :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
**परीक्षाको किसिम** : लिखित तथा अन्तरवार्ता।
**आवेदन दस्तुर** रु. ७०० अक्षरुपि सात सय रुपैया मात्र।
**तलव स्केल**:- नियमानुसार (नेपाल सरकारले तोके बमोजिम)
**आवश्यक कागजात** :-नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि -१,
शैक्षिक प्रमाण पत्रहरुको प्रतिलिपि -१/१,
प्रा.वि. तहको स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १
**आवेदन दिने अन्तिम मिति** :- सूचना प्रकाशित भएको मिति देखि १५ दिन भित्र। २०८१/०७/३० गते कार्यालय भित्र।
**सम्पर्क मिति** :- २०८१।०८।०१ गते।
**आवेदन दिने स्थान** :- वाल्मीकि मा.वि., बर्दघाट न.पा. - १, नवलपरासी
**सम्पर्क नम्बर** : ९८४४७१६२२२, ९८६६१४१०३९, ९८४४७४३८०३

**रामकुमारी अधिकारी पाध्या**
**प्रधानाध्यापक**

## छत्रदेव गाउँपालिकाको अनुरोध

- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं।
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- पानी उमालेर मात्र पिउने गरौं।
- आफ्नो गाउँ एवम् शहर बजार वरपरको वातावरण सफा राखौं।
- सबैखालका विभेदको अन्त्य गरौं।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं।

| राजन पाण्डे | मनि पन्थी | चन्द्रमान |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अधयक्ष |

**छत्रदेव गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
छत्रगञ्ज, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

## हिमालयन लाईफ

प्रधान कार्यालयः मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं.: ०१-५९७००५७, पो.ब.नं.: २५९७९

### हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएको बिमालेखका बिमितले बिमालेख हराएको/नासिएकाले प्रतिलिपि बिमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदावी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यो अवधिभित्र दावी दर्ता नभएमा निवेदकको माग बमोजिम प्रतिलिपि बिमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराईन्छ।

**तपशिल**

| क्र.सं. | बिमालेख नं. | बीमितको नाम | फोन नं. | ठेगाना |
|---|---|---|---|---|
| १ | २७६००००९७९ (S) | निरञ्जन शाहनी | ९८१४४५९११४ | रामग्राम-१७, नवलपरासी |

## मालारानी गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- सबै बालबालिकालाई समयमै विद्यालय भधर्ना गरी पहुँच सुनिश्चित गरौं।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं।
- पानी उमालेर मात्र पिउने गरौं।
- सबैखालका विभेदको अन्त्य गरौं।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं।

| अशर जिसी | दिपा पोखरेल | दल बहादुर भट्टराई |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**मालारानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
खनदह, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

## पाणिनी गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं।
- पानी उमालेर मात्र पिउने गरौं।
- आफ्नो गाउँ एवम् शहर बजार वरपरको वातावरण सफा राखौं।
- सबैखालका विभेदको अन्त्य गरौं।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं।

| रोमनाथ न्यौपाने | नर्मदा पौडेल गौतम | टेकराज न्यौपाने |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**पाणिनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
दुर्गाफाँट, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

## मदाने गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं।
- पानी उमालेर मात्र पिउने गरौं।
- आफ्नो गाउँ एवम् शहर बजार वरपरको वातावरण सफा राखौं।
- सबैखालका विभेदको अन्त्य गरौं।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं।

| सालिकराम पन्थी | सरिता खड्का | महेन्द्र बहादुर कुँवर |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**मदाने गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
पुर्कोट दह, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

## भूमिकास्थान नगरपालिकाको अनुरोध

- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं।
- पानी उमालेर मात्र पिउने गरौं।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं।
- सबैखालका विभेदको अन्त्य गरौं।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं।

| जगदीशचन्द्र नेपाली | बालकृष्ण बन्जाडे | झविलाल थापा |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप-प्रमुख | नगर प्रमुख |

**भूमिकास्थान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
नुवाकोट अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

## सन्धिखर्क नगरपालिकाको अनुरोध

- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं।
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- सबै बालबालिकालाई समयमै विद्यालय भधर्ना गरी पहुँच सुनिश्चित गरौं।
- पानी उमालेर मात्र पिउने गरौं।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं।
- सबैखालका विभेदको अन्त्य गरौं।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं।

| खिमानन्द भुषाल | मिश्रा आचार्य | कृष्ण श्रेष्ठ |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप-प्रमुख | नगर प्रमुख |

**सन्धिखर्क नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल


## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३


## श्री सोमहर आधारभूत विद्यालय

रिब्दीकोट गाउँपालिका-८, सोमहर, पाल्पा, लुम्विनी प्रदेश नेपाल

### शिक्षकको आवश्यकता

मितिः- २०८१/०७/१४ गते

यस श्री सोमहर आधारभूत विद्यालय रिब्दीकोट - ८ सोमहर पाल्पाको मिति २०८१/०७/०७ -को वि.व्य.स निर्णय, रिब्दीकोट गाँउ कार्यपालिका खस्यौली पाल्पाको मिति २०८१/०७/१४ को सिफारिस, शिक्षा विकास तथा समन्वय इकाइ पाल्पाको च.नं. ४४५ मिति २०८१/०७/१४ गतेको अनुमति पत्रअनुसार यस विद्यालयमा रिक्त प्रा.वि राहत शिक्षक पदपूर्तिको लागी योग्य नेपाली नागरिकबाट दरखास्त आहवान गरिन्छ।

१) **तह** : प्रा.वि राहत २) **पद संख्या** : १ ३) **नियुक्तिको किसिम** : राहत करार
४) **न्युनतम योग्यता** : शिक्षा शास्त्रमा १० + २ वा सो सरह उत्तिर्ण ५) **दरखास्त दस्तुर** : रु ७००
६) **परिक्षाको किसिम** : लिखित र अव (आवश्यक परेमा प्रयोगात्मक समेत हुनेछ )
७) **दरखास्त दिने मिति** : २०८१/०७/१४ गतेदेखी २०८९ २७ २८ गते सम्म
८) **आवश्यक कागजातहरु** : नेपाली नागरिता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी अध्यापन अनुमति प्रमाणपत्रको प्रतिलिपि र निरोगिताको प्रमाणपत्रको प्रतिलिपि फाइल साथ पेश गर्नुपर्ने छ।
९) अन्य जानकारीका लागि विद्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ। माथिल्लो योग्यता भएका र अनुभवीलाई प्राथमिकता दिइने छ।
१०. करार सुचीबाट, दरखास्त पर्न आएमा अन्य उमेदवारको दरखास्त फिर्ता गरिने छ।

**सम्पंक नः ५८४७२२४३३२ प्र.स ९८५७०६८८३२ अध्यक्ष ९८४७११२०४१ स. प्र. अ**

**प्रधानाध्यापक**
**सागर नेपाल**

# Mallarani Rural Municipality

## Office of the Rural Municipality Executive

## Khalanga, Pyuthan

## Lumbini Pvovince

# Invitation For Bids

**Date of Publication: 2024/10/31 (2081/07/15)**

1. Mallarani Rural Municipality, KhalangaPyuthan invites electronic bids from eligible bidders for the following works.

| Contract ID. | Description of works | Bid Security Amount (NRs.) | Average Annual Construction Turn Over(NRs.) | Similar Size And Nature of Work | Bid Document Fee (NRs.) | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| MRM/NCB/04-081/082 | Construction of Deurali Thama Solahalna Road | 5,87,250 | 35123874 | 9150370 | 5000 | 90 days |
| MRM/NCB/05-081/082 | Construction of Sirsegaira Mundanda Chunjathahi Road | 6,50,500 | 31221300 | 10167080 | 5000 | 90 days |

2. Information to deposit the cost of Bidding Document and Bid bond in bank.

| Office Name | Office of Mallarani Rural Municipality Executive, Khalanga, Pyuthan | Opening Date | 2024-11-29 13:00 |
|---|---|---|---|
| Name of Bank | Nepal Bank Ltd. Khalanga, Pyuthan | Account Number | 05203000001001000001 |

3. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
4. A complete set of Bidding Documents may be purchased from the office Mallarani Rural Municipality,office of the Municipal Executive, Mallarani -04 by eligible Bidders on the submission of a written application ,along with the copy of company /firm registration certificate and upon payment of non-refundable fee of Rs.5000 till (2024-11-29) during office hours in the projects office account.
5. 1f the last date of purchasing or submission falls on a government holiday, then the next working day shall be considered as the last date In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Any amendment in the notice or bid documents or for further information please refer to the PPMO’s website http//bolpatra.gov.np/egp under Bidding procedure.

**Chief Administrative Officer**

# व्यवसायिक पुष्प खेतीमा युवाको आकर्षण



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा पुष्प खेतीतर्फ कृषकहरुको आकर्षण बढेको छ । थोरै लागानी र धेरै आम्दानी हुने भएपछि यहाँ पुष्प खेती गर्ने कृषकहरुको आकर्षण बढेको हो । पहिले सोखिन र सौन्दरीकरणका रुपमा घर वरपर मात्र लगाइने फूलका बिरुवाहरुलाई अहिले व्यवसायिकताकै रुपमा लगाउने र आफ्नो आम्दानीको मुख्य स्रोत बनाउने तर्फ किसानहरु आकर्षित हुँदै गएका छन् ।

नवलपरासीका दुई युवाहरु व्यवसायीक पुष्प खेती गरेका छन् । उनीहरु नगरको जागिरबाट निस्केपछि व्यवसायीक पुष्पखेती सुरु गरेका हुन् । उनीहरु दुबै जना युवा बर्दघाट नगरपालिका स्थानीयवासी हुन् । बर्दघाट वडा नं. १० का खुमकान्त न्यौपाने र बर्दघाट वडा नं. ४का रमेश पाण्डेले व्यवसायिक रुपमा पुष्प गरिहेका छन् । बर्दघाट नगरपालिकाको वडा नं. -२, स्थित आम्वासमा १० कठ्ठामा व्यवसयिक पुष्पखेती गरिहेको खुमकान्त न्यौपाने बताए । उनीहरुले १० कठ्ठा लिजमा लिएर पुष्पखेती गरिरहेको रमेश पाण्डेले बताए ।

पछिल्लो समय चाडपर्वमा बजारमा आएका प्लाष्टिकको माला खपत बढ्न थालेको देखेपछि उनीहरु पुष्पखेती सुरु गरेको उनीहरुको भनाइ छ । उनीहरु भन्छन्-'अहिलेका युवाहरु खाली विदेश पालयन हुने अवस्था छ, तर हामीले विदेश जानुभन्दा आफ्नै देशमा कृषि पेशा गरेर रमाइरहेछौं ।' खुमकान्त र रमेशले युवाले करिव २ लाखको लागतमा आफूहरुले पुष्प व्यवसाय सुरु गरेको जानकारी दिए । फूलमा आत्मनिर्भर मात्रैहैन निर्यात समेत गर्न सकिने प्रसस्त संभावना देखेर नगरको जागीर छोडेसँगै पुष्प व्यवसायमा होमिएका खुमाकान्त न्यौपाने र रमेश पाण्डेले अहिलेको सिजनमा मात्र १० लाख आम्दानी गर्ने लक्ष्य लिएका छन् । उनीहरु भन्छन किसानले बजीरीकरण र सिँचाइको मुख्य समस्या खेपिरहेको गुनासो गरेका छन् । स्वदेशकै खेतवारीमा उत्पादन भएका फूलहरुको प्रयोग गरी स्थानीय किसानको प्रोत्शाहन गर्न र प्लाष्टिकजन्य वस्तुबाट बनेका माला तथा फूलहरुको प्रयोगलाई निरुत्साहित गर्न भन्दै बर्दघाट नगरपालिकाले सार्वजनिक सूचना जारी गरेको नगर प्रमुख शम्भुलाल श्रेष्ठले जानकारी दिए ।

मखमली र सयपत्री फूललाई विशेष गरी तिहारको मुख्य पहिचानका रुपमा लिने गरिन्छ । फूलको महत्वबारे स्थानीयवासीले चासो नदिँदा गाउँघरमा फूल लोप हुने अवस्थामा पुगेको थियो ।

# व्यापार संघका सदस्यलाई लुम्बिनी केबलकारमा छुट




बुटवल । रुपन्देही व्यापार संघ र लुम्बिनी केबलकारबिच व्यवसायिक सहकार्यसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । संघको कार्यालयमा आयोजित एक कार्यक्रमबिच संघका सदस्यहरुलाई केबलकारले टिकट शुल्कमा छुट गरी ५ सय रुपैयाँ मात्र लिने र दुई संस्थाबिच एक आपसमा व्यवसानय प्रवर्द्धनमा सहकार्य गर्ने सम्झौता भएको हो । उक्त सम्झौतापत्र संघका अध्यक्ष दीपकप्रसाद अधिकारी र केबलकारका अपरेसन म्यानेजर डिएन कायस्थ सैजूले आदान प्रदान प्रदान गरेका छन् । छुट पाउन संघका सदस्यहरुले संघको अद्यावधिक परिचयपत्र टिकट काउन्टरमा देखाउनुपर्ने सम्झौतामा उल्लेख छ । संघमा २ हजार सदस्य रहेका छन् ।

सो अवसरमा बोल्दै संघका अध्यक्ष दीपक प्रसाद अधिकारी, वरिष्ठ उपाध्यक्ष प्रकाश ढकाल, महासचिव फर्सुरांम पन्त, संघका सल्लाहकार समिति संयोजक एवं केबलकारका लगानीकर्ता तेजप्रसाद सुनारले लुम्बिनी केबलकार बुटवलको साझा सम्पति हो भन्दै यसलाई सफल बनाउन सबै प्रकारका सहयोग आदान प्रदान हुने प्रतिबद्धता जनाए । अत्याधुनिक प्रविधिको केबलकारले बुटवलको गरिमा बढाएको र प्रति टिकट २ प्रतिशत बुटवल र तिनाउ गाउँपालिकालाई कर तिरेर स्थानीय विकासमा योगदान गरेको उनीहरुले बताए ।

केवलकारका अप्रेशन म्यानेजर डीएन कायस्थ सैंजुले हिल स्टेसनहरुमा पर्यटनको राम्रो सम्भावना देखेर ठूलो लगानीमा केबलकार सञ्चालनमा आएको भन्दै यसको दीगो सञ्चालनले यहाँका सबैखाले व्यवसायीले लाभ लिन सक्ने बताए । लुम्बिनी केबलकार विश्व विख्यात अष्ट्रियाको डुपलमायर कम्पनीबाट बनेको र विश्वका विभिन्न देशमा सय वर्षदेखि १५ हजार बढी संख्यामा सञ्चालनमा रहेको विश्वमै अत्याधुनिक र सुरक्षित रहेको जानकारी गराए ।

उनले बुटवलका संघसंस्थाका वैठक, साधारणसभा, गोष्ठी, सेमिनारहरु केबलकारको माथिल्लो स्टेशन बसन्तपुरमा आयोजना गरेर सहयोग गर्न आग्रह गरे । केबलकारका प्रबन्धक प्रज्ज्वल घिमिरेले रुपन्देहीका अधिकांश प्रमुख व्यवसायिक संघसंस्थासँग केबलकारले व्यवसायिक सहकार्य गरिरहेको बताए ।

# फूलखेतीमा तुराङका विद्यार्थी

गुल्मी । गुल्मीको तुराङ बहुप्राविधिक शिक्षालयका विद्यार्थीहरुले मखमली र सयपत्रीको फुल खेती गरेका छन् । जिल्लाको चन्द्रकोट गाउँपालिका -८ अन्तरगत मजुवामा रहेको शिक्षालयमा तीन वर्षे स्नातकतह कृषिबाली विज्ञान अध्ययन गर्ने विद्यार्थी र शिक्षालयको सहयोगमा तिहार लक्षित गरेर छरेको सयपत्री र मखमली फुलले बगैंचा ढकमक्क बनाएको छ ।

२०७८ सालमा स्थापित सिटिइभिटीको आङ्गिकको रुपमा रहेको प्राविधिक शिक्षालयले विद्यार्थीहरुलाई प्रयोगात्मक अभ्यास गराउने उद्देश्य अनुरुप १० रोपनी जग्गा भाडामा लिएर कृषि अभ्यास गराउँदै आइरहेको छ। कृषिलाई उद्यमशिलतासँग जोड्दै स्थानीय उत्पादनलाई प्रोत्साहित गर्ने उद्देश्यले विद्यार्थीहरुमार्फत् विभिन्न काम गर्दै आएको शिक्षालय प्रमुख प्रदिप राज पाण्डेले बताए ।

उनले अहिले चाडपर्वलाई लक्षित गर्दै मखमली फूल र सयपत्री फूल रोपिएको जानकारी दिए । प्राविधिक शिक्षालयले विद्यार्थीहरुले अहिले तीन रोपनी जग्गामा फूल र सात रोपनी जग्गामा तरकारी खेती गर्दै आएका छन् । बगैंचामा उत्पादन भएको फूलको माग बजारमा अत्यधिक रहेको छ । स्थानीय बजारसँगै पाल्पा र बुटवलसम्म फूलहरु पठाउने गरेको शिक्षालयको कृषि प्राविधिक रोशनी बञ्जाडेले बताए ।

अहिले एक क्विन्टलभन्दा धेरै फुलको माग भैसकेको र शिक्षालयको आफ्नै सवारी साधन नभएकाले टाढा-टाढा पुराउन समस्या परेको बञ्जाडेले जनाए । अहिले बजारमा प्रतिकिलो तीन सय रुपैयाँमा फूल बिक्री भइरहेको छ । त्यस्तै शिक्षालयमा फूल मात्र हैन तरकारी खेती समेत गरिएको छ । शिक्षालयको फर्ममा अहिले काउली, बन्दागोभी, ब्रोकाउली, भाण्टा, सिमी, रैथाने जातको स्थानीय सीमि, डल्ले खुर्सानी, काँक्रो र टमाटर लगाएको खेती गरिएको छ । सिटिइभिटीको 'सिक, कमाउ र तिर' भन्ने अबधारणालाई आत्मसात गर्दै शिक्षालयले कार्य गर्दै आएको छ । शिक्षालयमा हाल गुल्मीसहित सुर्खेत, हुम्ला, जुम्ला, बाजुरा, मुगु, लमजुङ, बाग्लुङ, नवलपरासी र प्यूठानलगायतका जिल्लाका विद्यार्थीहरुले अध्ययन गर्दै आइरहेका छन् ।




शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, विद्यार्थी, कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. रामप्रसाद कालीराज
रम्भादेवि सुनचाँदी पसल
अमरपथ-४, बुटवल
हाम्रा सेवाहरुः आधुनिक तथा पुराना डिजाईनका गरगहना बिना रसानमा पाईन्छ । साथै राशी अनुसारका रत्न र डाइमण्डका सामान पाईन्छ ।

प्राविधिक शिक्षा पढौं स्वरोजगार बनौं ।
पाणिनी बहु प्राविधिक शिक्षालय
पाणिनी गाउँपालिका, अर्घाखाँची
मणि गैरे
शिक्षालय प्रमुख

# गैंडाकोटले सयपत्री फूल जिल्ला बाहिर पठाउँदै

नवलपुर (नवलपरासी) । नवलपरासी (बर्दघाट-सूस्तापूर्व)को गैंडाकोट नगरपालिकाभित्र यसवर्ष सयपत्री फूलखेती फस्टाएको छ । यहाँ उत्पादित सयपत्री फूल स्थानीय बजारका साथै गरी छिमेकी जिल्लामासमेत पठाउने गरिएको नगरपालिकाको कृषि शाखाले जनाएको छ ।

नगरपालिकाले फूलको बीउमा अनुदान तथा प्राविधिक सहयोग गरेपछि फूलको उत्पादन वृद्धि भएको हो । यसवर्ष स्थानीय फूलको माला प्रवर्द्धन गर्न नगरपालिकाले प्लास्टिकका मालाको आयात बन्द गरेपछि किसानले उत्पादन गरेका फूल बढी खपत भएको गैंडाकोट-१ की पुष्प व्यवसायी मीना केसीले बताइन । विगतको वर्षको तुलनामा यसवर्ष फूलको उत्पादन बढी भएकाले स्थानीय बजारका साथै जिल्ला बाहिरबाट समेत माग आएको उनले उल्लेख गरिन ।

"बारीमा ढकमक्क फूल फुलेको छ, तिहार भर्खरै सुरु भएको छ", उनले भनिन्-"तिहारको अवधिमा यहाँको सबै फूल खपत हुनेमा विश्वस्त छौं ।" एक्लो प्रयासमा तीन कठ्ठा क्षेत्रफलमा फूलखेती गरेको भन्दै केसीले बीउमा अनुदान तथा फूलमा रोगकीरा लागेमा सोको व्यवस्थापनका लागि नगरपालिकाले प्राविधिक सहयोग गरिरहेको बताइन ।

फूलखेती गर्न मेहनत धेरै गर्नुपर्ने भए पनि फूल बिक्री हुँदा नोक्सानी नहुने केसीले जनाइन । गैंडाकोटमा उत्पादन भएको सयपत्री फूलको माला प्रतिगोटा रु ६० देखि रु एक सयसम्म तथा फूल प्रतिकिलो रु तीन सय ५० देखि रु पाँच सयसम्ममा बिक्री हुने गरेको उनले जानकारी दिइन ।

फूल आवश्यक पर्ने व्यक्ति तथा संस्थाले आफूहरुलाई सम्पर्क गरेर माग गर्ने गरेका भन्दै आजदेखि भने आमउपभोक्तालाई लक्षित गरी फूल टिप्न सुरु गरिएको केसीले बताइन । "तिहारका लागि फूलको माग आइरहेको छ", उनले भनिन्-"आजदेखि फूल टिपेर सर्वसाधारणका लागि पनि बिक्री वितरण गर्ने गरी तयारी गरेका छौं ।"

गैंडाकोटमा सयपत्री फूलको उत्पादन राम्रो हुने भएकाले किसानलाई फूलखेतीमा आकर्षण गर्न अनुदान दिन सुरु गरिएको नगरपालिका कार्यालयले जनाएको छ । नगरपालिकाका कृषि विकास शाखा प्रमुख राजुप्रसाद शर्माले सयपत्रीको उन्नत जातको बीउ लगाउँदा यस वर्ष राम्रो उत्पादन भएको बताए ।

"हामीले सयपत्री फूलको बीउमा बिलको आधारमा ५० प्रतिशत अनुदान दिएका छौं", उनले भने-"फूलखेतीको नियमित हेरचाह र रोगकीराको सङ्क्रमण देखिँदा किसानलाई प्राविधिक सहयोग समेत गर्दै आएका छौं ।"

कृषि विकास शाखा प्रमुख शर्माकाअनुसार यसवर्ष गैंडाकोट नगरपालिकाभित्र मात्रै ४१ जना किसानले एक कठ्ठादेखि एक बिघा जमिनमा व्यावसायिक सयपत्री फूलखेती गरेका छन् । "व्यावसायिक रुपमा खेती गरेका किसानले पाँच बिघा भन्दा बढी क्षेत्रफलमा सयपत्री फूलको खेती गरेका छन्", उनले भने-"व्यक्तिगत प्रयोजनका लागि समेत यहाँ फूलखेती गरिने हुँदा नगरपालिकाभित्र करिब आठ बिघा क्षेत्रफलमा फूलखेती भएको छ ।"

यहाँ उत्पादन भएको फूल स्थानीय बजारमा पर्याप्त भएर नारायणगढ, कावासोती, काठमाडौं, पोखरा, बुटवललगायत सहरमा पठाउन पालिकाले समन्वय गरिरहेको शर्माले जानकारी दिए । नगरपालिकाले तीन वर्ष अघि व्यावसायिक रुपमा फूलखेती गर्न किसानलाई आकर्षित गरेको उल्लेख गर्दै उनले त्यसपछिका वर्षमा किसानलाई तालिम, बीउ र बिरुवामा अनुदान, प्राविधिक सहयोग नियमित गर्दै आएको बताए ।

गैंडाकोटमा फूलखेतीका लागि उपयुक्त माटो र हावापानी भएकाले आगामी वर्षमा उत्पादनसँगै क्षेत्रफल बढाउन किसान लक्षित विभिन्न कार्यक्रम ल्याउने योजना रहेको कृषि विकास शाखा प्रमुख शर्माले जानकारी दिए । यहाँ व्यक्ति तथा समूहले व्यावसायिक रुपमा सयपत्री फूलखेती गर्दै आएका छन् ।

# पत्रकार महासंघमा शूभकामना आदानप्रदान

बुटवल । नेपाल पत्रकार महासंघ रुपन्देहीले शुभ दीपावली, नेपाल सम्बत तथा छठ पर्व २०८१ को अवसरमा बुधबार शूभकामना आदानप्रदान तथा चियापान कार्यक्रम गरेको छ । रुपन्देहीका स्थानीय तहका जनप्रतिनिधि, प्रशासक, प्रहरी, विभिन्न संघसंस्थाका प्रतिनिधि एमं पत्रकारहरुको उपस्थितिमा शूभकामना आदानप्रदान तथा चियापान कार्यक्रम गरेको हो । जिल्ला अध्यक्ष रामराज पोख्रेलले दीपावली, नेपाल संवत र छठ पर्वको शूभकामना दिँदै चियाखाँदै शुभकामना साटासाट सरिक हुन आग्रह गरे ।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका नगर प्रमुख खेलराज पान्डे, रुपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरे, नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका महासचिव विक्रम खड्का, महासंघ रुपन्देहीका पूर्वअध्यक्ष एव्म सल्लाहकारहरु डा. बालकृष्ण चापागाईं, हरि लम्साल, प्रदेश सल्लाहकार माधव नेपाल, जिल्ला सल्लाहकार खिमानन्द भट्टराई, रुपन्देहीका विभिन्न संघसंस्थाका अध्यक्ष तथा पत्रकार सम्बद्ध संगठनका अध्यक्ष तथा प्रतिनिधिहरु एवम् पत्रकारहरुको उपस्थिति रहेको थियो ।

महासंघले औपचारिक कार्यक्रम संक्षिप्त गरी अतिथिहरुलाई मन्तव्यका लागि समय दिएको थिएन । पछिल्लो समय एउटै कार्यक्रममा घटौं समय बिताउने परिपाटी भएकाले अब कार्यक्रमको स्वरुप परिवर्तनका लागि छोटो गरिएको महासंघ रुपन्देहीका सचिव विनोद परियारले जानकारी दिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com